१७ औं प्रतिदिन वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

**जन्म दर्ता गर्न आवश्यक कागजात**

- आमा वा बाबुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- सूचकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- स्वास्थ्य संस्था/अस्पतालमा जन्म भएको भए उक्त संस्थाबाट जारी जन्म प्रमाण,
- घरमा जन्म भएको हकमा खोप कार्ड,
- बाबु बेपत्ता वा ठेगाना थाहा नभएको भए सोसम्बन्धी प्रहरी प्रतिवेदन,

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष-१७ ।। अङ्क : ८८ ।। २०८२ वैशाख २३ गते मंगलबार (6th May 2025 Tuesday) | **Pratidin** National Daily | मूल्य-रु.५/-

## दुर्गाको नाममा ३१ वटा कम्पनी

# ७ अर्ब २५ करोड कर्जा तिर्न बाँकी

झापा, बैशाख २२ । प्रहरी हिरासतमा रहेका बीएण्डसी अस्पतालका संचालक दुर्गा प्रसाईंविरुद्ध बैंकिङ कसुर र सम्पत्ति शुद्धीकरणमा पनि अनुसन्धान अघि बढेको छ । प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले प्रसाईंविरुद्ध दुवै कसुरमा अनुसन्धान सुरु गरेको हो । सीआईबीले सोमवारदेखि उनीसँग बयान थालेको छ ।

प्रसाईं चैत १५ को तीनकुने घटनाका लागि जिल्ला प्रहरी परिसर काठमाडौंको हिरासतमा छन् । परिसरबाट झिकाएर सीआईबीले जिल्ला सरकारी वकिल कार्यालयमा लगेर प्रारम्भिक बयान सुरु गरेको हो । उनीविरुद्ध सीआईबीले उच्च अदालत पाटनबाट पक्राउ पुर्जी लिएको थियो । सीआईबीका एसएसपी होविन्द्र बोगटीले प्रसाईंविरुद्ध सम्पत्ति शुद्धीकरण, राष्ट्र बैंक ऐन र त्यससँग सम्बद्ध बैंकिङ कसुरमा अनुसन्धान अघि बढाएको जानकारी दिए ।

मेडिकल कलेजसहित विभिन्न व्यवसाय सञ्चालनका लागि बैंकबाट लिएको कर्जा दुरुपयोग र त्यसकै आडमा सम्पत्ति शुद्धीकरण गरेको आरोप लागेपछि नेपाल राष्ट्र बैंकले उनीमाथि अनुसन्धान गर्न सीआईबीमा पत्र पठाएको थियो । गत कात्तिक अन्तिम साता र माघ २३ मा पत्र पठाउँदै राष्ट्र बैंकले प्रसाईं सम्बद्ध कारोबारको अनुसन्धान गर्न भनेको थियो । यसबाहेक आपराधिक समूह लगाएर प्रसाईंले व्यापारी तथा बैंक सञ्चालकलाई धम्क्याएको आरोपमा सीआईबीमा जाहेरी परेको थियो । सीआईबीका एसएसपी होविन्द्र बोगटीले राष्ट्र बैंकको पत्र र पीडितबाट परेका जाहेरीका आधारमा प्रसाईंविरुद्ध बैंकिङ कसुर र सम्पत्ति शुद्धीकरणसम्बन्धी आरोपमा अनुसन्धान अघि बढेको बताए । चैत १७ मा उच्च अदालत पाटनले प्रसाईंलाई पक्राउ अनुमति दिएको थियो ।

प्रसाईं बीएण्डसी मेडिकल कलेज तथा अस्पताल र पूर्वाञ्चल क्यान्सर अस्पतालका सञ्चालक हुन् । प्रसाईं, उनका पारिवारिक सदस्य/नातेदारका नाममा बीएण्डसी मेडिकल कलेज र अस्पतालसहित विभिन्न ३१ वटा कम्पनी रहेको प्रारम्भिक अनुसन्धानबाट देखिन्छ । यी कम्पनीका नाममा गत असोजसम्म



विभिन्न ५ वटा बैंकको साँवा र ब्याज गरी ७ अर्ब २५ करोड ८७ लाख रुपैयाँ कर्जा भुक्तान गर्न बाँकी रहेको सीआईबीको अनुसन्धानमा उल्लेख छ ।

प्रसाईंविरुद्ध तत्कालीन एनसीसी बैंक (पछि कुमारी बैंकमा मर्ज) बाट पूर्वाञ्चल क्यान्सर अस्पतालका नाममा प्रवाह भएको १२ करोड ५० लाख, नेपाल इन्भेस्टमेन्ट मेघा बैंक लिमिटेडबाट होटल एट्रियमका नाममा ५ करोड रुपैयाँ र गुडविल फाइनान्स लिमिटेडबाट यूए मेडिको सप्लाइज एन्ड इक्विपमेन्ट प्रालिका नाममा प्रवाह भएको १० करोड रुपैयाँ कर्जा पनि प्रयोजनविपरीत लिएकोमा उनीमाथि अनुसन्धान गर्न जाहेरी परेको छ । बैंकिङ कर्जा लगानीबाट भएको नाफा लुकाउन विभिन्न पक्षमार्फत शंकास्पद कारोबार गरेको आरोपमा उनीमाथि सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा अनुसन्धान अघि बढेको हो ।

विभिन्न देशबाट प्रसाईं र उनका आफन्त/नातेदारका खातामा सन् २०२१ यता साढे १० करोड रुपैयाँबराबरको विदेशी मुद्रा आएको भन्दै राष्ट्र बैंकले यो रकम शंकास्पद कारोबार हुन सक्ने आशंकासहित अनुसन्धान गर्न पनि सीआईबीमा पत्राचार गरिसकेको छ ।

'प्रसाईं र निजको परिवार सम्बद्ध फर्म र कम्पनीहरूले विभिन्न बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जा रकमहरू जुन प्रयोजनका लागि लिएको हो, सोही प्रयोजनमा प्रयोग नगरी अन्यत्र उपयोग गरेको, विभिन्न बैंक वित्तीय संस्थामा रहेको कर्जा चुक्ता गर्न अर्को कर्जाको रकम उपयोग गरेको, निज सम्बद्ध कम्पनीहरूले बैंक वित्तीय संस्थाबाट कर्जा लिँदा उल्लेख गरेका प्रयोजनभन्दा अन्यत्र कर्जाको रकम उपयोग गरी कर्जा दुरुपयोग गरेको, बैंकबाट लिएको कर्जा व्यवसायमा मात्र प्रयोग गर्नुपर्ने र व्यवसायको आम्दानी कर्जा भुक्तानीमा प्रयोग गर्नुपर्नेमा ठूलो रकम पेस्कीका रूपमा निज र निज सम्बद्ध कम्पनीहरूलाई प्रदान गरेको,' उनीमाथि अनुसन्धानका लागि प्रहरीले अघि सारेका प्रमाणमा भनिएको छ, 'चार वर्षदेखि बीएण्डसी मेडिकल कलेज टिचिङ हस्पिटल एण्ड रिसर्च सेन्टर प्रालि र पूर्वाञ्चल क्यान्सर हस्पिटल प्रालिलाई प्रवाह भएको कर्जाको भुक्तानी गर्ने भाखा नाघी कर्जाको बक्यौता साँवाब्याज भुक्तानी नियमित नभएको देखिन्छ ।'

परियोजनाको बदनियतपूर्ण रूपमा लागत वृद्धि गराएर आवश्यक पर्नेभन्दा बढी कर्जा लगानी गरेको र ऋणी फर्म/कम्पनीका अन्तिम हिताधिकारी प्रसाईं आफैं रहेकोमा पनि उनलाई केन्द्रमा राखेर यो अनुसन्धान अघि बढेको सीआईबीका अधिकारीले बताएका छन् । बैंकिङ कसुर तथा सजाय ऐन २०६४ को दफा ८ मा 'बैंक/वित्तीय संस्थाबाट लिएको कर्जा' दुरुपयोग गर्न नहुने उल्लेख छ । उक्त दफामा भनिएको छ, 'कसैले पनि बैंक वा वित्तीय संस्थाबाट जुन प्रयोजनका लागि कर्जा सुविधा लिएको हो, सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरी वा गराई कर्जाको दुरुपयोग गर्नु वा गराउनु हुँदैन ।' प्रसाईंले सोही दफाविपरीत कर्जा प्रयोग गरेको आरोप लगाइएको छ ।

## झापामा टिपर आतंक

# तीनवटा दुर्घटनामा ७ जना घाइते



झापा(प्रस) । टिपरका कारण झापामा सोमवार तीनवटा दुर्घटना भएको छ । दुर्घटनामा ७ जना घाइते भएका छन् । झापाको कमल गाउँपालिका वडा न. ५ पाडाजुंगीस्थित पूर्वपश्चिम राजमार्गमा टिपर , कार र मोटरसाइकल एकापसमा ठोक्किँदा चारजना घाइते भएका छन् ।

साँझ अन्दाजी ५ बजे दमकबाट पाडाजुंगीतर्फ आउँदै गरेको ना १ क ७६७६ नम्बरको टिपर र विपरित दिशाबाट जाँदै गरेको को १ च ७९६९ नम्बरको कार र कार पछाडी आउँदै गरेको प्र१-०१-०१६ प ४३९२ नम्बरको मोटरसाइकल कारमा ठक्कर खाई दुर्घटना भएको हो । दुर्घटनामा कार चालक धरान उपमहानगरपालिका वडा न. ११ बस्ने ६८ वर्षीय जीवनकुमार विश्वकर्मा (छातीमा चोट सामान्य बोल्न सक्ने मध्यम ), कारमा सवार इटहरी उपमहानगरपालिका वडा न.८ बस्ने ५३ वर्षीय राजु गहतराज (टाउकोमा चोट, दुबै खुट्टा चल्न नसक्ने अबस्थामा सामान्य बोल्न सक्ने मध्यम ),कारमा सवार इटहरी उपमहानगरपालिका वडा न.८ बस्ने ३१ वर्षीय भिम गहतराज (दाहिने खुट्टा भाँच्चिएको अबस्था बोल्न सक्ने मध्यम ) र मोटरसाइकल कमल गाउँपालिका वडा न. ६ बस्ने १८ वर्षीय सोहत भुजेल ( दाहिने खुट्टामा सामान्य चोट अबस्था सामान्य ) रहेका छन् । घाइतेहरुलाई उपचारको लागि निम्स अस्पताल दमक पठाएको छ । टिपर चालक मोरङ बेलबारी नगरपालिका वडा न. ११ बस्ने ३२ वर्षीय अरुण कटुवाललाई इलाका प्रहरी कार्यालय दमकले नियन्त्रणमा लिएको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

त्यस्तै दमकमा टिपरको ठक्करबाट एक महिला गंभीर घाइते भएकी छन् ।

बिहान ९:१० बजे दमक नगरपालिका वडा न.५ लिङ्देन मार्गस्थित पूर्वपश्चिम लोकमार्गमा उर्लाबारीबाट दमकतर्फ आउँदै गरेको प्रदेश न.१-०२-००१ क ५२१९ नम्बरको टिपरले पैदलयात्री महिलालाई ठक्कर दिई घाइते बनाएको हो । घाइते हुनेमा पैदलयात्री गौरादह नगरपालिका वडा न.४ बस्ने ४८ वर्षीया सिता बर्देवा रहेकी छन् । उनको टाउको र बाँया खुट्टामा गम्भीर चोट लागेको छ । उनलाई उपचारको लागि निम्स अस्पताल दमक पठाइएको छ । दुर्घटनापछि टिपर चालक फरार भएकाले खोजतलास भइरहेको प्रहरीले जनाएको छ ।

त्यस्तै बिहान अन्दाजी ७ बजे दमक नगरपालिका वडा न.९ अर्नाखाडीमा चिया दोकानबाट अर्नाखाडीतर्फ जाँदै गरेको मे १ क ७८४ नम्बरको टिपरको ढोकाबाट झरेर चालक दमक नगरपालिका वडा न.१ बस्ने ५५ वर्षीय निमा शेर्पा गंभीर घाइते भएका छन् । ढोका नलगाई टिपर चलाइरहेको अवस्थामा चालक शेर्पा टिपरबाट झरेका हुन् । ढाँड र टाउकोमा चोट लागेका घाइतेको आम्दा अस्पताल दमकमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

# धनकुटामा बस दुर्घटनाः एकको मृत्यु, १३ जना घाइते



झापा(प्रस)। धरानबाट भोजपुरतर्फ जाँदै गरेको यात्रुबाहक बस सोमवार बिहान सवा १० बजे धनकुटा-६ स्थित गोठगाउँमा दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने १३ जना घाइते भएका छन् ।

को १ ख २१७७ नम्बरको यात्रुवाहक बस अनियन्त्रित भएर दुर्घटना भएको प्रहरीले जनाएको छ । धनकुटा बजारबाट करिब ३ किलोमिटर नजिक सडकबाट करिब ५० मिटर तल खसेर बस दुर्घटना भएको जनाइएको छ । घाइतेमध्ये चार जनाको अवस्था गम्भीर रहेको बताइएको छ । मृत्यु हुनेमा धनकुटा नगरपालिका-६ की ७३ वर्षीया कृष्णकुमारी राई भुजेल रहेको प्रहरी प्रवक्ता डीएसपी ओमप्रकाश खनालले जानकारी दिए । उनको धनकुटा जिल्ला अस्पतालमा उपचारका क्रममा बिहान ११: ४५ बजे मृत्यु भएको हो ।घाइतेहरुको जिल्ला अस्पताल तथा धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भइरहेको छ ।

घाइते हुनेहरुमा

१.बस चालक- सुनसरी धरान १३ बस्ने वर्ष ५१ का रुद्र तामाङको टाउकोमा चोट अवस्था मध्यम रहेको, जिल्ला अस्पताल धनकुटामा उपचार भइरहेकोमा सामान्य उपचारपश्चात् थप उपचारको लागि विपी कोइराला स्वास्थ्य प्रतिष्ठान धरान घोपातर्फ पठाइएको ।

२.ऐ. ऐ.बस्ने मानबहादुर तामाङका छोरा वर्ष ११ का अनमोल तामाङको टाउकोमा चोट,अवस्था मध्यम रहेको,जिल्ला अस्पताल धनकुटामा उपचार भइरहेको ।

३.जिल्ला सुनसरी बराहक्षेत्र नगरपालिका वडा नम्बर २ बस्ने वर्ष ४८ का कृष्ण राउतको देब्रे हात भाँच्चिएको,अवस्था मध्यम रहेको, जिल्ला अस्पताल धनकुटामा उपचार भइरहेको ।

४.जिल्ला भोजपुर षडानन्द नगरपालिका वडा नम्बर १३ बस्ने वर्ष अन्दाजी २० का सुर्यमणी तामाङको टाउकोमा चोट,अवस्था सामान्य रहेको,जिल्ला अस्पताल धनकुटामा उपचार भइरहेको ।

५.जिल्ला भोजपुर पौवादुम्मा गापा वडा नम्बर ३ च्याङ्ग्रे बस्ने वर्ष ८० का गंगाप्रसाद सापकोटा टाउकोमा चोट,अवस्था मध्यम रहेको,जिल्ला अस्पताल धनकुटामा उपचार भइरहेकोमा, सामान्य उपचारपश्चात् थप उपचारको लाग विपी कोइराला स्वास्थ्य प्रतिष्ठान धरान घोपातर्फ पठाइएको ।

६.जिल्ला भोजपुर भोजपुर नपा ११ बस्ने वर्ष २४ की सविना बराईलीको दाहिने हात भाँच्चिएको,अवस्था मध्यम रहेको, जिल्ला अस्पताल धनकुटामा उपचार भइरहेको ।

७.जिल्ला भोजपुर भोजपुर नपा ११ बस्ने वर्ष ६० की देवी विक,टाउकोमा चोट अवस्था गम्भीर रहेको,तत्काल जिल्ला अस्पताल धनकुटामा उपचार भइरहेको ।

८.जिल्ला धनकुटा साँगुरीगढी गापा ६ बस्ने वर्ष ६० का हंशवहादुर राईको टाउकोमा चोट अवस्था,गम्भीर रहेको , तत्काल जिल्ला अस्पताल धनकुटामा उपचार भइरहेकोमा, सामान्य उपचारपश्चात् विपी कोइराला स्वास्थ्य प्रतिष्ठान धरान घोपातर्फ पठाइएको ।

९.जिल्ला भोजपुर षडानन्द नपा ११ बस्ने वर्ष ५१ की पूर्णमाया तामाङको बाहिरी चोट नदेखिएको अवस्था मध्यम रहेको , तत्काल जिल्ला अस्पताल धनकुटामा उपचार भइरहेको ।

❖ बाँकी अन्तिम पृष्ठमा

**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरुदण्ड रोग /सर्जन
समय: सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समय: प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समय: दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समय: दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाईं सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समयः विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समय: प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौंबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टोउको रोग /बाल न्यूरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ - मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समय: प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयाष्क ENT सर्जन
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# प्रसूतिका लागि शल्यक्रिया: रहर कि बाध्यता ?



• लक्ष्मी उप्रेती

मेचीनगर । पछिल्लो समय प्राकृतिकरुपमा भन्दा पनि शल्यक्रियाबाट बच्चा जन्माउने प्रवृत्ति बढेको छ । शल्यक्रिया गर्नु आफैमा जोखिमपूर्ण अवस्था पनि हो । महिला तथा स्त्री रोग विशेषज्ञहरुको भनाईमा कुनै उपकरणको प्रयोग र अपरेशन (शल्यक्रिया) बिना आफैं प्रसव बेथा लागेर योनी मार्गबाट शिशु जन्मनुलाई सामान्य डेलिभरी भनिन्छ ।

तर विभिन्न स्वास्थ्य अवस्था र जटिलताका कारण पेट चिरेर शिशुलाई जन्म दिनु सिजेरियन सेक्सन (शल्यक्रियाबाट प्रसूति) अर्थात् 'सिएस' हो । शल्यक्रिया नै गर्नुपर्ने अवस्थाका बाहेक प्रसव पीडालाई एक दिन खप्न डराउँदा पहिलो बच्चा अप्रशेन गरेर निकालेपछि दोस्रो पटक पनि शल्यक्रिया गरी निकाल्नुपर्ने बाध्यताभै छ ।

पहिलो पटक शल्यक्रिया गरिसकेपछि दोस्रो बच्चा जन्माउँदा नर्मल डेलिभरी अर्थात् प्राकृतिक तरिकाबाट जन्माउन सकिँदैन भन्ने चाहिँ नभएको तर कहिलेकाहीँ पाठेघर फुट्ने सम्भावना हुने बरिष्ठ स्त्रीरोग विशेषज्ञ तपनलाल दासको भनाई छ । 'पहिले अपरेशन गरेका महिलाको पुनः सिएस गर्नुपर्ने पनि हुन्छ । यो सबैलाई अनिवार्य होइन' दासले भने ,'बच्चाको धड्कन गडबडी भए, बच्चाले पेटभित्र दिसा गरे या दिसा खाएपनि सिएस गर्नुपर्ने हुन्छ ।'

सामान्य प्रसूतिभन्दा शल्यक्रियामा नै बढी जोड दिने स्वास्थ्य संस्थामा सरकारीको तुलनामा धेरैजसो निजी अस्पताल नै छन् भने ग्रामीण भेगमा भन्दा सहरी क्षेत्रमा शल्यक्रियामार्फत बच्चा जन्माउने महिला धेरै रहेको, शल्यक्रिया गराउनेमा शिक्षित महिला नै बढी रहेको चिकित्सकहरुको भोगाई छ । सबैसँग शल्यक्रिया गर्दा लाग्ने खर्च धान्न सक्ने क्षमता नभएकाले पनि शहरका भन्दा ग्रामीण भेगका गर्भवती महिलामा शल्यक्रिया गर्ने दर कम भएको हुन सक्ने अनुमान पूर्ण–टुङ्ग विर्ता सिटी अस्पताल विर्तामोडका स्त्रीरोग विशेषज्ञ डा. अजय अग्रवाल गर्छन् । विशेषगरी सहरी क्षेत्रका अधिकांश महिलाले शल्यक्रियामार्फत बच्चा जन्माउने गरेका छन् ।

पछिल्लो समय शल्यक्रियामार्फत बच्चा जन्माउने क्रम अस्वाभाविक रूपमा बढेको उनी बताउँछन् । ' मासिक ३ देखि ४ सयको हाराहारिमा म गर्भवती महिलाहरुको स्वास्थ्य परीक्षण गर्ने गर्दछु ' डाक्टर अग्रवालले भने, 'त्यसमा एकदेखि डेढ सयजति सुत्केरी हुन्छन् ।' सिजेरियन सेक्सन (शल्यक्रियाबाट प्रसूति) अर्थात् 'सिएस' गराउनेको संख्या ७० प्रतिशत बढी हुन्छ । सामान्य प्रसूतिमा दुखाइ धेरै हुन्छ भन्ने डर नयाँ पुस्तामा बढी देखिने गरेका कारण पनि पछिल्लो समय नेपालमा 'नर्मल डेलिभरी'भन्दा शल्यक्रिया (सिजरियन सेक्सन)मार्फत बच्चा जन्माउनेको संख्या अस्वाभाविक रूपमा बढ्दै गएको वीएण्डसी अस्पताल विर्तामोडका स्त्रीरोग विशेषज्ञ डा. सिवेश चौधरीको भनाई छ ।

भनेकै साइतमा बच्चा जन्माउन, शरीर बिग्रिन्छ भन्ने भ्रमले महिलाहरू शल्यक्रिया माग गर्ने र खासगरी इन्टरनेट पहुँच हुने महिलाबाट पनि शल्यक्रियाको माग बढी हुने गरेको डाक्टर चौधरीको अनुभव छ । प्रसूतिका लागि शल्यक्रिया : रहर कि बाध्यता ? अहिले सर्वत्र प्रश्न तेर्सिन थालेको छ । ' यो न रहर हो न बाध्यता डाक्टर चौधरीले भने, 'आम गर्भवती महिलाहरुले पछिल्लो समय शल्यक्रिया(सिजरियन सेक्सन)आवश्यकताका रुपमा लिन थालेका छन् ।' विर्तामोड नगरपालिकाको नगर अस्पतालमा समेत कार्यरत डाक्टर चौधरी प्रसूति व्यथाको डरले पहिल्यै शल्यक्रिया माग गर्ने गरेको बताउँछन् । अस्पतालमा आउने अधिकाँश गर्भवती महिलाको एउटै भनाई छ- दुखाइ सहन सकिन्न अप्रेसन गरीदिनु बरु । चिकित्सकहरुले गर्भवतीको स्वेच्छाका कारण शल्यक्रिया गरिएको बताए पनि सेवाग्राही महिलाले भने चिकित्सकको सल्लाह अनुसार शल्यक्रिया गरेको भन्ने पनि सुनिन्छ । तर, चिकित्सकहरु भने यसलाई स्वीकार गर्न तयार तयार छैनन् । विश्व स्वास्थ्य संगठनले शल्यक्रियाबाट गरिने प्रसूति १० देखि १५ प्रतिशतभन्दा बढी हुन नहुने बताएको छ ।

तर, नेपालका सरकारी अस्पतालमा नै सुत्केरी हुने ५० प्रतिशत महिलाको शल्यक्रिया गर्ने गरिएको स्वयम् चिकित्सहरु बताउँछन् । त्यसमा पनि निजी अस्पतालमा त यो दर झनै बढी छ । मासिक एकहजारको हाराहारीमा गर्भवती महिलाको स्वास्थ्य परीक्षण गरेर परामर्श दिन्छन उनी । त्यसमा मासिक लगभग ५० प्रतिशत शल्यक्रिया गर्ने उनको भनाई छ ।

प्राकृतिक रुपमा बच्चा जन्माउँदा आमा र शिशुको ज्यान जाने खतरा भएको अवस्थामा यस्तो शल्यक्रिया गरिन्छ । प्राकृतिक प्रसूति व्यथाबाट बच्न र शारीरिक सौन्दर्य कायम राख्न कतिपय सहरी महिला आफैं शल्यक्रिया रोज्न थालेको चिकित्सकहरुको अनुभव छ । महिलाहरुमा बढ्दो मोटोपना, मधुमेह, उच्च रक्तचाप र उमेर ढल्किएपछि हुने गर्भधारणलगायतका कारण आजकाल शल्यक्रियामार्फत् बच्चा जन्माउने डाक्टर चौधरीको भनाई छ । मनमोहन मेमोरियल सामुदायिक अस्पताल बिर्तामोडका स्त्रीरोग विशेषज्ञ एकराज गौतम जोखिम लिन नचाहने प्रवृत्तिका कारणले पनि पछिल्लो समय यो संख्या बढेको बताउँछन् । उनी दैनिक १५ देखि २० जना यस्ता महिला हेर्ने गर्छन् । त्यसमा ५० देखि ६५ प्रतिशतको शल्यक्रिया हुने उनी बताउँछन् । सहरी महिलामा शल्यक्रियाबाटै बच्चा जन्माउने चाहना र उनीहरूलाई प्राकृतिक प्रसूतिका सकारात्मक पक्षबारे बुझाउन नसक्नुले पनि यो दर उल्लेख्य घटाउन नसकेको सम्बन्धित चिकित्सक बताउँछन् ।

शल्यक्रियाबाट प्रसूति गर्दा पिसाबथैली काटिने, पाठेघर फुट्ने, सुत्केरी छिटो सामान्य अवस्थामा फर्किन नसक्ने, छिटो शारीरिक तन्दुरुस्ती नहुनेलगायत जटिलता आउन सक्ने चिकित्सक बताउँछन् । यसकारण पनि शल्यक्रिया गर्नुपर्ने अवस्थाबाहेक अन्य अवस्थामा शल्यक्रिया गर्न उपयुक्त हुँदैन भन्ने जनचेतना फैलाउनका लागि नयाँ कार्यक्रम ल्याउने सुझाव उनीहरुको छ । यदि सिजेरियन प्रसूति भएको छ भने अर्को गर्भधारणका लागि स्वास्थ्य अवस्था ठीक भए कम्तीमा पनि १८ महिना वा ४ देखि ५ वर्ष ब्रेक लिनुपर्ने डाक्टर एकराज गौतमको सुझाव छ । सिजेरियन डेलिभरी हुँदा खानपानमा विशेष ध्यान दिनुपर्ने, शरीरमा आवश्यक पोषक तत्वको कमी हुनसक्ने भएकाले त्यसलाई पूरा गर्नुपर्ने, डाइटमा ६ महिनासम्म आइरन र क्याल्सियम सामेल गर्नुपर्ने, प्रोटिन पनि लिनुपर्ने, चिकित्सकको सल्लाहबमोजिम पेटको अभ्यास गर्नुपर्ने, भारी सामान उठानबाट बच्नुपर्ने चिकित्सकको सुझाव छ ।

## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश ,इलाम जिल्ला,सूर्योदय नगरपालिका वार्ड नं.-१०मा बस्ने श्री बाजेन्द्रर दासका नाति श्री बहादुर दासका छोरा,श्री भक्तबहादुर दासको मिति वि.सं.२०८१/१२/०९गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय फिक्कलमा रहेको वचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकका नाति श्री भुपेन दासले मिति वि.सं.२०८२/०१/०८मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाण सहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।


एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

# हवाई फायर गरी २०४ ग्राम ब्राउनसुगर बरामद

झापा(प्रस) । झापाको कनकाईमा हवाई फायर गरी प्रहरीले ठूलो परिमाणमा लागूऔषध ब्राउनसुगर बरामद गरेको छ ।

इलाका प्रहरी कार्यालय सुरुङ्गाको कमाण्ड सम्हालेको करिव तीन महिनाको अवधिमा दोस्रो पटक गोली प्रहार गरी प्रहरी वरिष्ठ नायव निरीक्षक राधाकृष्ण दाहालले ठूलो परिमाणमा लागूऔषध बरामद गरेका हुन् ।

सोमवार बिहान अन्दाजी ८:४० बजे विशेष सूचनाको आधारमा कनकाई नगरपालिका वडा नं. ५ तल्लो चाप्रामारीस्थित सुरुङ्गा-झापा सडकखण्डमा शरणामतीबाट सुरुङ्गातर्फ आउँदै गरेको बीआर ३७




टी ९१९८ नं.को मोटरसाइकलमा सवार व्यक्तिलाई रोकेर चेकजाँच गर्न खोज्दा प्रहरी टोलीलाई देख्नासाथ उनी मोटरसाइकल र झोला घट्नास्थलमा नै छोडी फरार भएका थिए ।सो क्रममा .३०३ राइफलबाट २ राउण्ड हवाई फायर भएको जिल्ला प्रहरी कार्यालयका डीएसपी खगेन्द्र खड्काले बताए । ।

लागूऔषध कारोबारी चढेको मोटरसाइकल र बोकेको झोला बाटोमै छाडी भागेकोले उक्त झोला खोली हेर्दा २ पोकामा प्लास्टिकसहित २०४.०८० ग्राम ब्राउनसुगर बरामद भएको डीएसपी खड्काले जानकारी दिए ।

यसअघि प्रहरी वरिष्ठ नायव निरीक्षक दाहालले कमाण्ड सम्हालेको पाँच दिनमै गत माघ २२ गते गोली चलाएर दुईजना कारोबारीलाई पक्राउ गरेका थिए ।

## बिर्तामोड नगरपालिकाको

### अत्यन्त जरुरी सूचना

**यस बिर्तामोड नगरपालिकाको सार्वजनिक क्षेत्रमा जथाभावी रुपमा फोहोर फालेको पाइएकाले यो सूचना जारी गरिएको छ। बिर्तामोड नगरपालिकाको फोहोर व्यवस्थापन गर्न जिम्मेवारी पाएको निराकार सरसफाई प्रा.लि.को फोहोर मैला ढुवानी गर्ने सवारी साधन आएको बखत उक्त ढुवानी गर्ने सवारी साधनमा फोहोर राख्नुहुन सम्बन्धित सबैमा जानकारी गराउँदछौं।**

**अब पनि यसैगरी जथाभावी रुपमा फोहोर मैला फालेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरासमेत जानकारी गराउँदछौं।**

बिर्तामोड नगरपालिका
नगरपालिकाको कार्यालय, झापा
कोशी प्रदेश, नेपाल

# धनकुटामा...

१०.जिल्ला सुनसरी इटहरी उपमनपा ४ बस्ने वर्ष १७ का आयुष राईको बाँया हात र ढाडमा चोट,अवस्था सामान्य रहेको ,तत्काल जिल्ला अस्पताल धनकुटामा उपचार भइरहेको ।

११.जिल्ला धनकुटा धनकुटा नगरपालिका वडा नम्बर ६ बस्ने वर्ष ३४ का धनकुमार विकको टाउकोमा चोट अवस्था मध्यम रहेको , तत्काल जिल्ला अस्पताल धनकुटामा उपचार भइरहेको ।

१२.जिल्ला भोजपुर भोजपुर नपा ११ बस्ने वर्ष ५८ का लिलाबहादुर श्रेष्ठको टाउकोमा चोट अवस्था गम्भीर रहेको , तत्काल जिल्ला अस्पताल धनकुटामा उपचार भइरहेकोमा सामान्य उपचारपश्चात् विपी कोइराला स्वास्थ्य प्रतिष्ठान धरान घोपातर्फ पठाइएको ।

१३. जिल्ला धनकुटा साँगुरीगढी गाउँपालिका वडा नम्बर ०६ बस्ने वर्ष ६० की दिर्घमाया राईको मुख र टाउकोमा चोट अवस्था मध्यम रहेको, जिल्ला अस्पताल धनकुटामा उपचार भइरहेको ।

बसमा १७ जना सवार रहेकोमा ३ जना सकुशल रहेको प्रहरीले जनाएको छ ।

**श्री झापा जिल्ला अदालत**
**विशेष प्रकृतिका निवेदन फाँट**
**निवेदन नं. ०८१-०१-००१२**

**झापा जिल्ला अदालतबाट जारी भएको तपशिल बमोजिमका व्यक्तिहरुको नाउँको १५ (पन्ध्र) दिने म्याद सूचना उपरोक्त सम्बन्धमा मेरो पति सुर्य प्रसाद राजवंशी मिति २०६७ सालबाट र मेरो जेठाजू वृज राजबंशी बि.स. २०६१ सालबाट एक्कासी घर छाडी हिँडी हालसम्म पनि घर नआएको र त्यसपश्चात् खोजतलास गर्दा समेत हालसम्म फेला नपरेकोले निजहरुको मृत्युको न्यायिक घोषणा गरी पाउँ भनी बेपत्ता भएका भनिएका सुर्य प्रसाद राजवंशीको पत्नी कोशी प्रदेश जिल्ला झापा साविक केचना गा.वि.स. वडा नं. ८ हाल परिवर्तित कचनकवल गा.पा. वडा नं. ४ बस्ने जयमती राजबंशीले यस अदालतमा निवेदन दिएकोमा उक्त निवेदनमा यस अदालतबाट मिति २०८१।११।११ गते भएको आदेशानुसार तपाईहरु सुर्य प्रसाद राजवंशी र बृज राजवंशीको नाउँको यो १५ (पन्ध्र) दिने म्याद पत्रिकामा प्रकाशित गरिएको छ। तपाईहरुको मृत्युको न्यायिक घोषणा गर्नु नपर्ने कुनै कारण भए यो म्याद प्रकाशित भएको १५ (पन्ध्र) दिनभित्र यस अदालतमा हाजिर हुन आउनुहोला, अन्यथा कानून बमोजिम हुनेछ । -**

**तपशिल**

**१. कोशी प्रदेश जिल्ला झापा साविक केचना गा.वि.स. वडा नं. ८ हाल परिवर्तित कचनकवल गा.पा. वडा नं. ४ बस्ने बर्ष ३१ (बेपत्ता हुँदाको उमेर) को सुर्य प्रसाद राजवंशी ।**
**२. कोशी प्रदेश जिल्ला झापा साविक केचना गा.वि.स. वडा नं. ८ हाल परिवर्तित कचनकवल गा.पा. वडा नं. ४ बस्ने बर्ष ३४ (बेपत्ता हुँदाको उमेर) को वृज राजवंशी ।**
**इति संवत २०८२ साल वैशाख २१ गते रोज १ शुभम् ।**

पूर्वाञ्चल स्वास्थ्य सहकारी संस्था लिमिटेडद्वारा संचालित

## मनमोहन मेमोरियल पूर्वाञ्चल क्षेत्रीय सामुदायिक अस्पताल

बिर्तामोड, ०५ झापा

## शिलबन्दी दरभाउ–पत्र आव्हान सम्बन्धी सूचना

प्रकाशित मितिः २०८२/०१/२३

आर्थिक वर्ष २०८२/०८३ को लागि मनमोहन मेमोरियल पूर्वाञ्चल क्षेत्रीय सामुदायिक अस्पताल तथा मनमोहन मेमोरियल पूर्वाञ्चल कलेज बिर्तामोड, झापालाई तपशिलमा उल्लेखित सेवा संचालन र सामग्रीहरु आपूर्ति गर्नुपर्ने भएकाले इच्छुक इजाजतप्राप्त सेवा सञ्चालक तथा सप्लायर्सहरुले आवश्यक कागजातहरु समेत संलग्न राखी आफूले सप्लाई गर्न चाहेको सामग्रीको ब्रान्ड र कवोल गरेको दररेट रकम अंक र अक्षरमा प्रष्ट बुझिने गरी उल्लेख गर्दै संस्थाले उपलब्ध गराएको फारम यो सूचना प्रथम पटक प्रकाशित गरेको मितिले ३० दिनभित्र कार्यालय समय भित्र ९शनिबार बाहेक० अस्पतालको प्रशासन शाखाबाट फारम लिई शिलबन्दी दरभाउपत्र सूचीकरणको लागि पेश गर्न आव्हान गरिन्छ ।
सूचीकरण गरिएका सप्लायर्सहरुमध्ये प्राप्त दरभाउ-पत्रहरुलाई छानबिन गरी अन्तिम निर्णय गर्ने सम्पूर्ण अधिकार संस्थामा निहित रहेको व्यहोरासमेत जानकारी गराइन्छ ।

**तपशिल**

**१. ल्यावका रिएजेन्ट, अन्य ल्याब आइटम तथा केमिकल्स**
**२. सर्जिकल आइटमहरु**
**३ सर्जिकल इन्स्ट्रुमेन्टहरु**
**४. क्लिनिङ यूटिलिटी आइटम (सरसफाईका सामग्री)**
**५. स्टेशनरी सामानहरु**
**६. छपाई सम्बन्धी कामहरु**
**७. कम्प्यूटर, प्रिन्टर, पार्टस तथा टोनर रिफिलिङ**
**८. ईलेक्ट्रिकल्स सामग्रीहरु**
**९. लण्ड्री सेवा सम्बन्धी आइटमहरु**
**१०. जेनेरेटर मर्मत सेवा र पार्टसहरु**
**११. AC मर्मत सेवा र पार्टसहरु**
**१२. तोकिएका मेडिसिनहरु**
**१३. डेन्टल आइटमहरु**
**१४. अर्थो इम्प्लान्ट आइटमहरु**
**१५. प्लम्बिङका सामग्रीहरु**
**१६ डाइलोसिस सम्बन्धित सम्पूर्ण सामग्रीहरु**
**१७ अस्पताल र कलेजको युनिफर्म तथा लिनेन (Linens) सम्बन्धी सामग्रीहरु ( सिलाई +कपडा )**
**१८ अक्सिजन प्लान्ट र ग्यास पाइप लाईन सम्बन्धी CMC Agreement ।**
**१९, Dialysis machine and RO water system CMC agreement ।**
**20. Flex board, Banner, Vnyl sticker, stamp and flex & digital banner ।**
**21. non-ovan fabric bags।**

**संलग्न गर्नुपर्ने कागजातहरु सम्बन्धमा**

- सप्लाई गर्ने सामग्री र सेवा सम्बन्धी संस्थाले उपलब्ध गराएको फर्म भरि संलग्न राख्नुपर्ने
- कम्पनी/फर्म दर्ता प्रमाणपत्र
- स्थायी लेखा नम्बर प्रमाणपत्र (VAT/PAN)
- करचुक्ता प्रमाणपत्र (latest)
- आफूले सप्लाई गर्ने सामग्रीको producer/ importer/ Distributer/आधिकारिक विक्रेतामध्ये आफू जे हो सोको आधिकारिक कागजातहरु ।
- रीत पुगेको आवेदन आफै कार्यालयमा आएर वा कुरियरमार्फत अस्पतालको प्रशासन शाखाको ठेगानामा दर्ता गर्न सकिने छ। E-mail मार्फत मान्य हुने छैन ।

आवेदन फारम अस्पतालको खरिद शाखाबाट उपलब्ध हुने छ ।

**विस्तृत जानकारीको लागि सम्पर्क:**
**मनमोहन मेमोरियल सामुदायिक अस्पताल**
**बिर्तामोड, झापाको प्रशासन शाखा**
**फोन नं. ०२३५३५२५१**
**ध्जबतक बउउ लय( ९८१८५१८४१६**
Email-manmohan.procurement@gmail.com
manmohanmemorialpurwanchal@gmail.com

**विस्तृत जानकारीको सम्पर्क कलेजको लागि**
**मनमोहन मेमोरियल पूर्वाञ्चल कलेज बिर्तामोड, झापा**
**दाहाल गाउँ हेभन पार्क दक्षिण**
**फोन नं. ०२३५९१२७२ र ०२३५३५२९५**
**प्रशासन प्रमुख प्रेम मैनाली ९८२४९०२६२०**

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# चलचित्रलाई अंकुश नलगाऊँ

पाँच दशकअघि बनेको चलचित्र ऐनलाई विस्थापन गर्न सरकारले संसद्मा दर्ता गराएको नयाँ विधेयक झन् नियन्त्रणमुखी र चलचित्र क्षेत्रलाई संकुचित बनाउने खालको रहेको फिल्मकर्मी बताउँछन्। पाँच दशकअघि बनेको 'चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६' ले फिल्म क्षेत्रलाई खुम्च्याएको भन्दै आलोचना हुँदै आएको थियो। फिल्मकर्मीले समयसापेक्ष नयाँ ऐनको माग गर्दै आएका थिए। त्यही पञ्चायतकालीन ऐनलाई विस्थापन गर्न सरकारले चलचित्र सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकलाई वैशाख १४ मा राष्ट्रिय सभामा दर्ता गराएको छ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले विधेयक दर्ता गरेसँगै विरोध पनि शुरू भएको छ। चलचित्र क्षेत्रसँग सम्बन्धित नौ वटा संस्थाले विधेयकमा गरिएका केही व्यवस्थाप्रति असहमति जनाएका छन्। यसले चलचित्र क्षेत्रलाई थप कस्न खोजेको उनीहरूको भनाइ छ। पुरानो ऐनलाई संशोधन गर्दै संघीय संरचना, समावेशिता र नयाँ प्रविधिको आवश्यकता पूरा गर्न विधेयक ल्याइएको भनिए पनि यसले चलचित्र क्षेत्रको विकास रोक्ने उनीहरूको ठम्याइ छ। नयाँ चलचित्र ऐन कस्तो हुनुपर्छ भन्ने विषयमा केही वर्षदेखि सरोकारवालाबीच छलफल चलिरहेको थियो। नेपाली चलचित्रको नीति तथा कार्यक्रम शासनमुखीभन्दा पनि सेवामुखी बनाउनुपर्ने उनीहरूको अवधारणा थियो। त्यसैका आधारमा नयाँ चलचित्र ऐन बनाउनुअघि चलचित्र क्षेत्रका नौ वटा संस्थाले मन्त्रालयमा सुझाव पनि पठाएका थिए। चलचित्र संघ, कलाकार संघ, निर्माता संघ, निर्देशक समाज, द्वन्द्व कलाकार संघ, नृत्य कलाकार संघ, आदिवासी जनजाति चलचित्र महासंघ, प्राविधिक संघ र चलचित्र पत्रकार संघको एउटै माग थियो– चलचित्र बोर्डको पुनःसंरचना गरी स्वायत्त बनाउनुपर्ने, यससँगै चलचित्र विकास बोर्ड अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्थाका रूपमा रहनुपर्ने, यसले कानूनी व्यक्तित्वको मान्यता प्राप्त गरी पूर्ण स्वायत्त संस्था हुनुपर्ने माग राखेका थिए। बोर्डको अध्यक्षमा सरकारी कर्मचारी नभई चलचित्र क्षेत्रकै व्यक्ति हुनुपर्ने प्रस्ताव थियो।

हुन पनि विधेयकका दफा र उपदफा एकअर्कामा बाझिएका छन्। परिच्छेद २ मा बोर्डको गठन र सञ्चालन सम्बन्धी व्यवस्था गरिएको छ। यसको दफा ४ मा 'बोर्ड स्वशासित र संगठित संस्था हुने' उल्लेख छ। तर दफा ६ को उपदफा २ मा सूचना तथा सञ्चार प्रविधि मन्त्रालयकै एउटा शाखाका रूपमा सीमित पार्न खोजिएको छ। यसमा भनिएको छ, 'बोर्डले दीर्घकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्नुभन्दा पहिले मन्त्रालयको सहमति लिनुपर्नेछ।' फेरि बोर्डको अध्यक्षको कार्यकाल भने एक वर्ष थपेर चार वर्ष पुऱ्याउने व्यवस्था प्रस्ताव गरिएको छ। तर अध्यक्षको कार्यकाल बढाउन आवश्यक नभएको फिल्मकर्मीको भनाइ छ। यस्तै, विधेयकको परिच्छेद २ को दफा ६ मा भएको व्यवस्थालाई हेरेर पनि फिल्मकर्मीले नियन्त्रणकारी भनेका हुन्। यसको उपदफा 'छ' मा विकास बोर्डले 'नेपाल सरकारको स्वीकृति लिई चलचित्रसँग सम्बन्धित अन्तर्राष्ट्रिय संघसंस्थाको सदस्यता लिने र ती संघसंस्थासँग सहकार्य गर्ने' उल्लेख छ। स्वायत्त भने पनि यस व्यवस्थाले बोर्डलाई नियन्त्रणमा राखेको फिल्मकर्मी बताउँछन्। यसले स्वतन्त्रता नै खोस्ने उनीहरूको मत छ।

# एउटै पाठ्यक्रम, फरक कार्यान्वयन



• हरिप्रसाद पौडेल

राष्ट्रपति रामचन्द्र पौडेलले दुवै सदनको संयुक्त बैठकमा पेस गर्नुभएको नेपाल सरकारको आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममा 'संस्थागत एवं सामुदायिक विद्यालयका पाठ्यक्रममा एकरूपता ल्याइने छ' भन्ने कुरा उल्लेख भएपछि नेपालमा विद्यालय तहको पाठ्यक्रमको कार्यान्वयनको विषयलाई लिएर बहस उत्पन्न भएको छ । एकथरी शैक्षिक व्यक्तित्वहरूले नेपालका सबै (निजी तथा सामुदायिक) विद्यालयमा भिन्न भिन्न पाठ्यक्रम लागु भएको बहस गरिरहेका छन् भने अर्काथरीले पाठ्यक्रम एउटै लागु भएको तर पाठ्यपुस्तक भिन्न रहेको मत राखिरहेका छन् । नेपाल सरकारको नीति तथा कार्यक्रममा नै पाठ्यक्रमको कार्यान्वयनको विषयमा शङ्का हुने बुँदा समावेश भएपछि विद्यालय तहमा पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन हुन नसकेको कुरा चाहिँ छर्लङ्ग भएको छ ।

**पाठ्यक्रम के हो ?**

सुन्दा सामान्य जस्तो लागे पनि शिक्षाशास्त्रको साहित्यमा पाठ्यक्रम एउटा जटिल र अस्पष्ट अवधारणा हो । परम्परागत रूपमा पाठ्यक्रमलाई केवल पढ्नुपर्ने पाठहरूको सूची वा क्रम (कुनै पाठ्यपुस्तकको विषयसूची जस्तै) मानिन्थ्यो । यसको अवधारणात्मक विकासक्रममा थुप्रै आयामिक परिवर्तन आइसकेका छन् । प्रगतिशील सोच राख्ने हिल्डा टावा, रुसो जस्ता विद्वान्ले पाठ्यक्रमलाई विद्यार्थीको अनुभवसँग जोडेका छन् । आलोचनात्मक दृष्टिकोण राख्ने पाउलो फ्रेरे, माइकल एप्पल जस्ता विद्वान्ले सामाजिक न्याय र परिवर्तनलाई पाठ्यक्रम मानेका छन् ।

नेपालको सन्दर्भमा हेर्ने हो भने राष्ट्रको शिक्षा नीति तथा राष्ट्रिय पाठ्यक्रम प्रारूपले मार्गनिर्देश गरेको शिक्षाको लक्ष्य तथा प्रक्रिया अनुरूप शिक्षा पद्धति सञ्चालनको मूल आधारका रूपमा पाठ्यक्रमलाई मानिएको छ । विद्यालय शिक्षाको पाठ्यक्रमले निश्चित कक्षा वा तहको अध्ययन पूरा गरेपछि विद्यार्थीले हासिल गर्ने सक्षमता र ती सक्षमता हासिल गर्नका लागि विषयगत रूपमा प्राप्त गर्नुपर्ने सिकाइ उपलब्धि निर्धारण गर्छ । पाठ्यक्रमले अपेक्षित सिकाइ उपलब्धि प्राप्तिका लागि सिकाइ विधि तथा प्रक्रियाको प्रयोग र विद्यार्थीमा अपेक्षित सिकाइ उपलब्धिहरू प्राप्तिको सुनिश्चिततालाई मार्गदर्शन गर्छ । यही अवधारणा अनुसार यस पाठ्यक्रममा सिकारुले हासिल गर्नुपर्ने सक्षमता तथा सिकाइ उपलब्धि र ती सक्षमता तथा सिकाइ उपलब्धि प्राप्तिका लागि आवश्यक विषयवस्तुलगायत सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कनका लागि आवश्यक निर्देशनसहितको सिकाइ योजनाका रूपमा बालबालिकाको सिकाइलाई मार्गदर्शन गर्न आवश्यक पर्ने तत्व समावेश गरिएको छ । यसमा विद्यार्थीका पूर्वसिकाइ अनुभव, उसको परिवेश तथा पृष्ठभूमि, रुचि र क्षमतासहित वर्तमानको आवश्यकता आकलन गरी उनीहरूले हासिल गर्नुपर्ने ज्ञान, सिप, अभिवृद्धिसहितका सक्षमता (आधारभूत तहको कक्षा १-३ पाठ्यक्रम) समेटिएको हुन्छ । नेपालमा विद्यालय तहको पाठ्यक्रमले कानुनी हैसियत र मान्यता प्राप्त गरेको छ । शिक्षा नियमावली, २०५९ को नियम ६(क) ले विद्यालयले पालन गर्नुपर्ने सर्त अन्तर्गत 'नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्नुपर्ने' भन्ने व्यवस्था उल्लेख गरेको छ ।

**बहुपाठ्यपुस्तकको कानुनी मान्यता**

नेपाल सरकारले विसं २०७६ मा पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका जारी गरेको छ । जस अनुसार पाठ्यक्रम विकास केन्द्रले विकास गरेको पाठ्यपुस्तक मात्रै लागु गर्नुपर्ने कानुनी बाध्यता छैन । पाठ्यक्रम विकास केन्द्रले विकास गरेको पाठ्यक्रममा आधारित भई लेखिएका पाठ्यपुस्तकसमेत पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत गराई प्रयोगमा ल्याउन पाउने व्यवस्था गरेको छ । पाठ्यपुस्तकका अलावा कार्यपुस्तक, अभ्यास पुस्तक तथा अभ्यास पुस्तिकालगायतका सामग्रीसमेत सिकाइ सहजीकरणका लागि प्रयोगमा ल्याउन पाउने व्यवस्था छ । यसरी हेर्दा केवल पाठ्यक्रम विकास केन्द्रबाट विकास गरिएका पाठ्यपुस्तकलाई प्रयोगमा नल्याउँदैमा पाठ्यक्रम नै कार्यान्वयन नभएको भने मान्न सकिँदैन ।

**निर्धारित पाठ्यक्रममा पन्छाइएको पक्ष**

पाठ्यपुस्तक र विषयबिच भ्रम : पाठ्यक्रमले कुन कक्षामा कुन कुन विषयको अध्ययन अध्यापन गराउने भनेर तोकिदिएको हुन्छ । जस्तो कि आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम २०७६ ले कक्षा १ मा नेपाली, अंग्रेजी, गणित, हाम्रो सेरोफेरो र स्थानीय विषय गरी जम्मा पाँच विषयको मात्रै पठनपाठन गराउनुपर्ने प्रावधान राखेको छ । यसका अलावा कुनै थप विषयको पठनपाठन हुने परिकल्पना गरेको छैन । तर व्यावहारिक रूपमा हेर्ने हो भने विज्ञान, सामाजिक, स्वास्थ्य, कम्प्युटर शिक्षा, अंग्रेजी व्याकरणलगायतका विषयको पठनपाठन सामुदायिक विद्यालयमा समेत हुने गरेको छ । निजीको त कुरै छाडौँ । यस प्रकारका पाठ्यक्रमविपरीतका गतिविधिलाई बहुपाठ्यपुस्तकको अवधारणा भनेर बचाउ गर्ने गरिन्छ । पाठ्यक्रमले नतोकेका विषयहरू नै समावेश गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने कुरा बहुपाठ्यपुस्तकको अवधारणा होइन ।

सिकाइ समयमा विचलन : पाठ्यक्रमले कुन कक्षामा कुन विषयमा कति समय सिकाइ सहजीकरण हुनुपर्ने भनेर तोकिदिएको हुन्छ । जस्तो कि आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रममा वार्षिक ८३२ घण्टा र साप्ताहिक रूपमा सरदर २६ घण्टा, त्यसैगरी कक्षा ४-८ मा वार्षिक १०२४ घण्टा र साप्ताहिक रूपमा सरदर ३२ घण्टा सिकाइ सहजीकरण भएको हुनुपर्ने प्रावधान राखेको छ । यस्तो प्रकारको फरक फरक समय अवधि राख्नुको पछाडि बालबालिकाको उमेर र क्षमता अनुसार सिक्न सक्ने समय कम बेसी हुन्छ भन्ने हो । कम उमेर समूहका बालबालिकालाई कम समय र बढी उमेर समूहका बालबालिकालाई बढी समय शिक्षण सिकाइ क्रियाकलापमा संलग्न गराउने कार्य बाल मनोविज्ञानको सिद्धान्त अनुसार विकास भएको हो जुन विश्वव्यापी रूपमा प्रचलित छ । हामीले हाम्रा विद्यालयमा हेर्‍यौँ भने कक्षा १ देखि ८ सम्म नै पठनपाठनको समय समान रूपमा निर्धारण भएको पाउँछौँ । पाठ्यक्रम कार्यान्वयन हुन नसकेको यो अर्को ज्वलन्त उदाहरण हो । त्यसै गरी विषयगत रूपमा हेर्दा कक्षा १-३ मा अंग्रेजी भाषाको क्रेडिट आवर चार र हाम्रो सेरोफेरोको क्रेडिट आवर आठ छ । यसको मतलब विद्यालयमा अंग्रेजीभन्दा दोबर समय हाम्रो सेरोफेरोको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन भएको हुनुपर्ने हो । तथापि व्यावहारिक रूपमा हेर्दा हाम्रो सेरोफेरोभन्दा अंग्रेजी भाषाको पठनपाठन हुने समय बढी छ ।

पाठ्यक्रमको सट्टा पाठ्यपुस्तक केन्द्रित : पाठ्यक्रमले कक्षाकोठामा हुने सिकाइ सहजीकरण प्रक्रियालाई निर्धारण र निर्देशित गर्छ । सिकाइ सहजीकरण क्रियाकलापबाट पाठ्यक्रमले निर्धारण गरेका सक्षमता र व्यवहार कुशल सिपको विकास हुनु पर्छ । कुनै पनि विषयको सिकाइ सहजीकरणबाट व्यावहारिक परिवर्तन हुनु सबैभन्दा महत्वपूर्ण कुरा हो । पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि पूरा गराउने सहायक साधनको रूपमा पाठ्यपुस्तक वा कार्यपुस्तकलाई प्रयोग गरिन्छ । हामीले विद्यालयमा अतिरिक्त विषय र पाठ्यपुस्तक थप गर्दा त्यस्ता विषयको सक्षमता के हुने र कुन कुन सिपहरू विकास हुने भन्ने कुरा कतै तोकिएको हुँदैन यसले पाठ्यक्रमले निर्धारण गरेका विषयहरूको क्षेत्र र क्रम तथा विषयवस्तुको विस्तृतीकरणलाई नकारात्मक प्रभाव पार्दछ । उदाहरणका लागि कक्षा ३ मा हाम्रो सेरोफेरोलाई आठ क्रेडिट आवर प्रदान गर्नुको कारण पाँच वटा मुख्य व्यवहार कुशल सिप विकास हुन सकून् भन्ने हो तर व्यावहारिक हिसाबमा हेर्ने हो भने यस विषयको समयलाई अंग्रेजी विज्ञान तथा कम्प्युटर जस्ता विषय थप गरेका कारण घटाइएको छ । यसबाट पाठ्यक्रम एकातिर व्यवहार अर्कोतिर भएको कुरा छर्लङ्ग हुन्छ ।

अझ बालविकास तथा शिक्षातर्फ हेर्ने हो भने स्थिति झनै कहाली लाग्दो छ । कानुनी रूपमा एक वर्षको पूर्वप्राथमिक वा बालविकास तथा शिक्षाको परिकल्पना गरिएको छ । जसको पाठ्यक्रमसमेत निर्धारण गरिएको छ । वार्षिक ५७६ घण्टा सिकाइ कार्य गराउनुपर्ने यस तहमा कुनै पनि विषयको पठनपाठन गराउने परिकल्पना गरिएको छैन । यस तहमा छ वटा आधारभूत सिप सिकाइका क्षेत्र र पाँच वटा विषयगत सिप सिकाइका क्षेत्र तोकिएको छ । हाम्रा विद्यालयको प्रचलन हेर्दा प्लेग्रुप, नर्सरी, एलकेजी, युकेजीलगायतका विभिन्न नामका कक्षाहरू थपेर पूर्वप्राथमिक शिक्षालाई चार वर्षको बनाइएको पाइन्छ । यस्ता कक्षाहरूको छुट्टै पाठ्यक्रम छैन । ती कक्षा पाठ्यक्रमबिना नै चलिरहेका छन् ।

मूल्याङ्कन प्रणालीमा विचलन : कुन कक्षाको कुन विषयको मूल्याङ्कन प्रणाली कस्तो हुने भन्ने विषय पाठ्यक्रमले नै निर्धारण गरेको हुन्छ । उदाहरणका लागि कक्षा १ को विद्यार्थी मूल्याङ्कन कक्षाकोठामा आधारित निरन्तर मूल्याङ्कन प्रणाली हो । विद्यार्थीले कक्षामा प्राप्त गरेको सिकाइ उपलब्धिको आधारमा रुब्रिक्सको प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गर्नुपर्ने र त्यसको अभिलेख कार्यसञ्चयिका निर्माण गरी व्यवस्थित रूपमा राख्नुपर्ने व्यवस्था पाठ्यक्रमले गरेको छ । विद्यार्थीले सिकेको वा नसिकेको यकिन गरी उपचारात्मक शिक्षण गर्नुपर्ने (जसलाई सिकाइका लागि मूल्याङ्कन भनिएको छ) व्यवस्था पाठ्यक्रमले गरेको छ । यसका लागि कक्षा सहभागिता, मौखिक कार्य, लिखित कार्य, परियोजना कार्य, प्रयोगात्मक कार्यलगायतका मूल्याङ्कनका साधनहरू सिफारिस गरिएको छ । कक्षा १ मा औपचारिक परीक्षाको कल्पना नै गरिएको छैन । विद्यालयको अभ्यास हेर्दा तोकिएका साधनहरूको कम प्रयोग भएको वा प्रयोग नै नभएको पाइन्छ । अर्कोतिर पाठ्यक्रमले वर्जित गरेका आवधिक परीक्षाहरू कक्षा १ देखि ३ सम्म पनि निर्बाध रूपमा सञ्चालन भएको पाइन्छ ।

**निष्कर्ष**

तोकिएका पाठ्यपुस्तक मात्रै होइन विषय नै परिवर्तन गर्ने, तोकिएको समय नै विचलन गर्ने, कक्षा क्रियाकलापलाई पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि र सक्षमताबाट विमुख गराउने, तोकेको मूल्याङ्कन प्रणाली नै फरक पार्ने कार्य सामुदायिक र निजी विद्यालय दुवैले गरेका छन् । यहाँ सामुदायिक र निजी विद्यालयमा फरक फरक पाठ्यक्रम लागु भयो भन्नुभन्दा पनि पाठ्यक्रम प्रभावकारी रूपमा लागु नै भएन भन्नु उपयुक्त निष्कर्ष हो । पाठ्यक्रम लागु नगर्ने सवालमा मात्रात्मक फरक अलग कुरा हो तर यस कार्यमा सामुदायिक र निजी दुवै प्रकारका विद्यालय संलग्न छन् । यस्तो अस्वस्थ अभ्यासका पछाडि कतिपय अवस्थामा अभिभावकहरूका माग र अपेक्षासमेत जिम्मेवार छन् । हुन त अभिभावकहरूलाई समेत पाठ्यक्रमका सम्बन्धमा सुसूचित गर्ने र विश्वस्त पार्ने काम शैक्षिक संस्था वा विद्यालयको हो तर विद्यालय यस्तो कार्य गर्नबाट विमुख भएको देखिन्छ । त्यसैले सरकारको नीतिमा पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने र सोको अनुगमनसमेत गर्ने कुरा समावेश हुनुपर्ने थियो । कानुनले तोकेको पाठ्यक्रम लागु नगर्नेहरूलाई सजायभागी बनाउनु पर्ने थियो अनि मात्र पाठ्यक्रम विकासको औचित्यता देखिन्थ्यो ।

# सूचनाको हक कार्यान्वयनका प्रवृत्ति



• डा. सुरेश आचार्य

नेपालमा सूचनाको अधिकारको संवैधानिक प्रत्याभूति गरिएको ३५ वर्ष बित्यो । सुरुको झन्डै दुई दशक राज्यले पनि यसमा खासै चासो दिएन । जब संवैधानिक भनिएका राजाले प्रजातन्त्रको अपहरण गर्न सक्दा रहेछन् र त्यस्तो बेला नागरिकले थाहा पाउने अधिकार आवश्यक हुने रहेछ भन्ने चेत र यसको मर्म राजनीतिक दलमा जाग्यो । परिणामस्वरूप २०६२/६३ को आन्दोलनको सफलतापछि पहिलो नयाँ कानुनका रूपमा सूचनाको हकसम्बन्धी ऐन जारी गरियो । सत्ता नहुँदाको राजनीतिक चेतलाई सत्ता राजनीतिको रापतापले कसरी खुइल्याउँछ भन्ने उदाहरण प्रारम्भमा नै यो कानुन बन्यो । २०६४ साउन ५ गते प्रमाणीकरण गरिएको यो ऐन कानुनकै भाषा अनुसार, प्रमाणीकरणको ३० औँ दिन अर्थात् २०६४ भदौ ३ गतेदेखि लागु भयो । यसको नियामक निकाय बनाउन फेरि उही सत्ताको मोलमोलाइले अल्मल्यायो र अन्ततः २०६५ वैशाख २२ गते राष्ट्रिय सूचना आयोगको घोषणा भयो । यसै दिनलाई आयोग स्थापना दिवसका रूपमा मनाउन थालियो । यो आयोगले आफ्नो सत्र वर्ष पूरा गरेको छ र आजबाट १८ वर्षको वयस्क संस्था बनेको छ ।

सूचनाको अधिकारको प्रत्याभूति मुलुकमा २०४६ सालमा बहुदलीय व्यवस्था पुनर्स्थापना भएसँगै नेपाल अधिराज्यको संविधान २०४७ ले गरेको हो । यद्यपि कतिपयले संविधान बन्नु र त्यसमा अभिव्यक्ति स्वतन्त्रता उल्लेख गरिनुलाई पनि सूचनाको हक स्थापित भएको भनेर व्याख्या गर्ने गरिएको पाइन्छ । संविधानमा प्रस्ट रूपमा २०४७ को संविधानको धारा १६ मा व्यवस्थित गरिएको हो । यो अधिकार नेपालको संविधान २०७२ मा धारा २७ मा छ । सुरुमा 'प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने छ' भन्ने प्रावधान राखिएको थियो । अन्तरिम संविधान २०६३ बाटै यसमा थोरै संशोधन गरेर 'प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने छ' भनिएको छ । ३५ वर्षको अवधि मध्येको आधा समय कानुन र यसको कार्यान्वयनको नियामक निकायको अभाव बित्यो । अब यो संस्था वयस्क भएको छ । त्यस कारण कुनै बहानामा सूचनाको हकको कार्यान्वयन नगर्ने छुट कुनै पनि सार्वजनिक निकायलाई हुने अवस्था छैन । न त सूचना नदिने निकायलाई उन्मुक्ति दिने छुट आयोगलाई नै हुने छ ।

राष्ट्रिय सूचना आयोगले आफ्नो स्थापना दिवस कुनै कार्यक्रम गरेर आफैँले बनाउनु स्वाभाविक हो । अघिल्ला आयोगले झैँ यस वर्ष पनि आयोगले राष्ट्रपतिलाई प्रमुख अतिथि बनाएर कार्यक्रमलाई निरन्तरता दिँदै छ । यसलाई अन्यथा अर्थमा नलिँदा यो एउटा बिरालो बाँध्ने परम्परा मात्र हो । यसबाहेक आयोगले कानुन कार्यान्वयनमा आएको दिन अर्थात् भदौ ३ लाई राज्यको घोषणा अनुरूप राष्ट्रिय सूचना दिवस मनाउने गर्दै आएको छ । साथै सेप्टेम्बर २८ लाई अन्तर्राष्ट्रिय सूचना दिवस भनेरसमेत मनाउने आयोगको चलन छ । यो परम्परा विगतदेखि धानिँदै आएका छन् । यद्यपि यी तीन दिनका कार्यक्रम आयोगका प्रमुख गतिविधिका रूपमा रहँदै आएका छन् ।

यस पटक राष्ट्रपति भवनमा राष्ट्रपतिलाई प्रमुख अतिथि बनाएर स्थापना दिवस मनाउने कार्यक्रम सम्भवतः अन्तिम हुने छ । स्थापना दिवस आयोगका लागि महत्वपूर्ण हो, जसरी हरेक व्यक्तिले आफ्नो जन्म दिनलाई उत्सवका रूपमा मनाउँछ । सूचनाको हक कार्यान्वयनका दृष्टिले वर्षमा एक पटक राष्ट्रिय व्यक्तित्वलाई आमन्त्रण गरेर खुसी मनाउनुको खास अर्थ रहँदैन र छैन । त्यसैले आयोगले स्थापना दिवसलाई कार्यालय परिसरमै सीमित गरेर भर रचनात्मक ढङ्गमा मनाउने निर्णय गरेको छ । राष्ट्रिय दिवसलाई भने देशव्यापी सबै तहका सरकारलाई मनाउन आग्रह गर्ने निर्णय आयोगले गरिसकेको छ । संयोगले सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले अध्यक्षतामा भएको प्रदेशका सञ्चार सम्बद्ध मन्त्रीहरूको अघिल्लो महिना काठमाडौँमा भएको बैठकबाट यो प्रस्ताव पारित भएको छ । यसर्थ आयोगले वर्ष २०८२ देखि भदौ ३ गतेलाई राष्ट्रिय सूचना दिवसका रूपमा मनाउन सबैमा आग्रह गर्ने नै छ । त्योभन्दा अघि नै मन्त्री गुरुङको अध्यक्षतामा सम्पन्न बैठकको निर्णयलाई अङ्गीकार गर्दै सरकारले सबै तहका सरकारलाई यस्तो परिपत्र गर्ने छ भन्ने विश्वास सूचना आयोगले गरेको छ ।

आयोगको कार्य क्षेत्र मुलुकभर छ तर यसको संरचना केन्द्रमा मात्र सीमित छ । सूचनाको हकसम्बन्धी ऐनको दफा २१ मा 'राष्ट्रिय सूचना आयोगको केन्द्रीय कार्यालय काठमाडौँ उपत्यकामा रहने छ र आयोगले आवश्यकता अनुसार नेपालका विभिन्न स्थानमा आफ्नो कार्यालय खोल्न सक्ने छ' भन्ने व्यवस्था गरेको छ । यो ऐन बन्दै गर्दा मुलुक सङ्घीयतामा जाने वा नजाने निश्चित थिएन । ऐनमा प्रदेश कार्यालय रहने छन् भनेर सिधै लेख्ने कुरै भएन । त्यसैले आयोगले आगामी आर्थिक वर्षमा कम्तीमा दुई प्रदेशमा कार्यालय खोल्ने गरी सरकारसँग बजेट प्रस्ताव गरेको छ । सूचना प्रवाह राज्य सञ्चालनलाई पारदर्शी बनाउने लोकतन्त्रको एउटा आधार भएको तथ्यलाई सरकारले आत्मसात् गरेको सन्दर्भमा आयोगको प्रस्तावमा सरकार सकारात्मक हुने अपेक्षा राख्नु अन्यथा हुने छैन ।

हाम्रो संविधानको परिकल्पना अनुसार हरेक तहका सरकार आफैँमा स्वतन्त्र र स्वायत्त छन् । सबै तहमा आफ्ना खालका विधायिका छन् र कानुन बनाउने अधिकारसमेत उनीहरूलाई छ । राज्य सञ्चालनका कतिपय अधिकारलाई संविधानको अनुसूचीमा बाँडफाँटसमेत गरिएको छ । ती अनुसूची अनुसार, सूचनाको हकका सम्बन्धमा सूचनाको प्रवाहको प्रवर्धन, अनुगमन र संरक्षणको अधिकार प्रदेश वा स्थानीय तहमा दिएको देखिँदैन । यस अर्थमा यो काम सूचना आयोगकै दायित्वभित्र पर्छ । प्रदेश तहमा सूचनाको हकसम्बन्धी ऐन बनाउने र त्यसका नियामक निकाय खडा गर्ने एक खालको प्रतिस्पर्धा हुने सम्भावना देखिन्छ । वागमती प्रदेशले त २०७६ सालमा नै ऐन बनाएर कार्यान्वयनको अभ्यास नै सुरु गरिसकेको छ ।

यो सन्दर्भमा हरेक तहका सरकारमा नयाँ संरचना बनाउँदै जानुभन्दा प्रदेश र स्थानीय तहमा समेत सूचनाको हकको प्रवर्धन, अनुगमन र संरक्षणका लागि बजेट विनियोजन गर्नु उत्तम विकल्प हुन सक्छ भन्ने आयोगले ठानेको छ । आयोगले यही मान्यताका आधारमा निर्णय गरेर संघीय सरकारलाई अनुरोधसमेत गरिसकेको छ । यो विषयलाई समेत मन्त्री गुरुङले अध्यक्षता गर्नुभएको माथि उल्लिखित बैठकले आगामी आवदेखि सूचनाका हक कार्यान्वयनका लागि हरेक तहमा बजेट विनियोजन गर्न आग्रह गर्ने प्रस्ताव पारित गरेको छ ।

❖ बाँकी तेस्रो पृष्ठमा

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# संकटमा पर्दै परम्परागत ढिकी जाँतो

मेचीनगर(प्रस) । झापा मेचीनगर –६ काँकरभिट्टा पूर्वी भानुटोलका देवीप्रसाद उप्रेती उमेरका हिसावले ८३ वर्ष पुगे । हरेक वर्षका दशै तिहारलगायतका अन्य चाडपर्वमा गाउँघरमा ढिकी जाँतोको आवाज निक्कै सुन्थे । पछिल्लो समय उनको कानमा ढिकी जाँतोको आवाज गुञ्जिन छोडेको छ । 'अहिले यस्ता सामान गाउँघरबाट हराउँदै गए' उनले भने– दशैं आएको १५ दिनदेखि नै थाहा हुन्थ्यो, तिहारमा ढिकीमा पीठो कुट्नेको लाम उस्तै हुन्थ्यो । अहिले शहर बजारमा खुलेका अत्याधुनिक मिलको काम उसवेला तिनै ढिकी जाँतो र ओखलले गर्दथे ।' ढिकी जाँतो अन्न पिस्ने परम्परागत प्रविधि हो । गाउँ-गाउँमा बिजुलीमार्फत चल्ने मिल पुगेपछि ढिकी जाँतो र ओखलको प्रयोग घट्दै गएपछि क्रमशः ती सामान लोप हुने अवस्थामा पुगेका छन् ।

नयाँ प्रविधिको विकाससँगै मौलिक संस्कृति हराउँदै गएकोप्रति मेचीनगरका बूढापाकाले दुःखेसो पोख्दै चिन्ता समेत व्यक्त गरेका छन् । नयाँ पुस्ताले पुराना संस्कृतिको संरक्षण गर्दै आफूहरूको पालाका ढिकी, जाँतो ओखललगायतका अन्य परम्परागत वस्तुलाई लोप हुनबाट जोगाउनुपर्नेमा ज्येष्ठ नागरिक रामप्रसाद दाहालको जोड छ । 'अहिले शहर बजार र गाउँघरमा खुलेका मिलले मानिसको दैनिक जीवनमा सहजता त बनायो तर, हाम्रा परम्परागत र संस्कृति संकटमा पर्दैं गए ' ज्येष्ठ नागरिक समाज मेचीनगरका अगुवासमेत रहेका दाहालले प्रतिक्रिया दिए ।

कुनै बेला गाउँलेको कुटानी पिसानी गर्ने प्रमुख माध्यम मानिएका यस्ता पुस्ता पछिल्लो समयका नयाँ पुस्ताले चिन्न समेत छाडेको सोहि ठाउँका टीकाप्रसाद खनालको भनाई छ । उसवेला गाउँघरमा प्रशस्त देखिने ढिकी जाँतो ओखल पछिल्लो सयम लोप हुन थालेको खनालको बुझाई छ । पछिल्लो समय आधुनिक प्रविधिको प्रयोग बढेसँगै परम्परागत यस्ता साधन लोप हुन थालेको उनले थपे । ढिकी जाँतो कुटानी पिसानीका सामग्री मात्रै नभई नेपाली समाजको





मौलिक संस्कृति र जनजीवनसँग सरोकार राख्ने पक्ष पनि भएको मेचीनगर –७ का पण्डित माधवप्रसाद ढकालले बताए ।

यस्ता परम्परागत सामग्रीको अस्तित्व संकटमा पर्दै गएको भन्दै उनले चिन्ता समेत व्यक्त गरे । प्रविधिको विकाससँगै पछिल्लो समय स्थानीयले हरेक गाउँघरमा मिल सञ्चालन गर्न थालेका कारण पनि ढिकी जाँतोको महत्व हराउँदै गएको छ । उसवेला ढिकी र जाँतोले कुटने र पिस्ने काम अहिले गाउँघरमा सञ्चालनमा रहेका मिलले गर्न थालेका छन् । यसैका कारण पनि पहिलाका ढिकी जाँतो अहिले घरको कुनै एउटा कुनामा थन्क्याउन थालिएको छ ।

परम्परागत ढिकी जाँतो हराउँदै गएका कारण घर-घरमा विद्युतबाट सञ्चालन हुने मिल भेटिन थालेको झापा मेचीनगर –६ काँकरभिट्टा पूर्वी भानुटोलका मिल सञ्चालक कैलाशकुमार श्रेष्ठको भनाई छ । 'झण्डै डेढ दुईदशक अगाडि घरैपिच्छे ढिकी र जाँतो भेटिन्थे । स्थानीयले त्यही ढिकी जाँतोमा कुटानी पिसानी गर्थे । अहिलेको जस्तो ठाउँ-ठाउँमा मिल थिएनन् । जब यहाँका गाउँमा बिजुलीको पहुँच पुग्यो, यसरी मिल सञ्चालनमा आयो अनि ती वस्तु क्रमशः हराउँदै गए' श्रेष्ठले थपे । पहिला पहिला ढिकी जाँतो र ओखलमा धानलगायत अन्य वस्तु कुट्ने र पिस्ने अहिले सबै उनकै मिलमा आइपुग्ने गरेका छन् ।

मिलमा कुटेको र ढिकी जाँतोमा पिसेको खाद्यान्नको स्वाद समेत निक्कै फरक पर्ने उनकै छिमेकी रमेश श्रेष्ठको अनुभव छ । खासगरी तिहारको बेला ढिकी जाँतोको बढी प्रयोग हुने गर्दथ्यो । तिहारको बेला ढिकीमा कुटेको चामलको पिठोले टीका लगाउने, दियो बनाउने र नुन कुटेर वस्तुभाउलाई खुवाउने चलन भए पनि अहिले त्यो प्रचलनसमेत हराउँ गएको बताइएको छ । अहिले मेचीनगर –६ काँकरभिट्टाको पूर्वी भानुटोलमा कैलाशकुमार श्रेष्ठले धान गहुँ, मकै र अमृता निरौलाले पीठो, हर्दी, चिरालगायतका अन्य वस्तु कुटाउने र पिसाउने मिल सञ्चालनमा ल्याएका छन् ।

दुवैको मिलमा कुटानी पिसानीका लागि आउने मनिसको भीड उत्तिकै लाग्ने गरेको छ । नियमित विद्युत आपूर्ति तथा लोडसेडिङ नभएका कारण पनि धान, मकै, गहुँ, जिरा, धनियाँ हर्दीलगायतका वस्तु लिएर मिलमा आउने गरेका छन् । अहिलेको पुस्ताले ढिकी कुट्न र जाँतो पिस्न गाह्रो मान्ने समेत गरेको अमृताको भनाई छ । 'पहिले गाउँघरका ढिकी जाँतोमा धान, मकै गहुँलगायतका वस्तु कुट्ने र पिस्न गाउँलेको भुइँचो लाग्थ्यो' अमृताले भनिन्' जब गाउँघरमा मिलहरु सञ्चालनमा आए गाउँले सबै मिलमै कुटानी पिसानीको लागि आउन थाले ।' मिलले कुटानी पिसानीका लागि सहज बनाइदिनुका साथै समयको बचतसमेत भएको अर्की धान मिल सञ्चालक मैया श्रेष्ठको बुझाई छ ।

झापा मेचीनगर –७ की ८३ वर्षीया पानवती चौधरीसँग पहिला पहिला आफ्नै घरको ढिकी ओखलमा कुटेर र जाँतो पिँधेरै जीवन बिताएको अनुभव छ । थ्रुै प्रकारका खानेकुरा ढिकी-जाँतो र ओखलमा कुट्ने र पिस्ने गरेर परिवारलाई खुवाएर जीवन धान्दै आएकी उनी अहिले सिटी सफारीमा धानको बोला हालेर झण्डै आधा घण्टाको दुरीमा रहेको धान मिलमा कुटानी पिसानीका लागि आउने गरेकी छन् । ' ऊ बेला खासगरी चौधरी र राजवंशी समुदायका घर घरमा ढिकी जाँतो र ओखल हुन्थ्यो । गाउँमा ढिकी जाँतो र ओखल नभएको कुनै घर हुँदैन थियो' चौधरीले भनिन्' त्यसबेलाको ढिकी जाँतो र ओखलको महत्व कति हुन्थ्यो हामीलाई मात्र थाहा छ । उसवेलाको हाम्रो मिल ढिकी जाँतो र ओखल केही वर्षदेखि गाउँघरबाट क्रमशः हराउन थाले । अहिलेका नयाँ पुस्तालाई यसको थाहा नै छैनन् । हामी गाउँघरका बुढाबुढीलाई समेत ढिकी जाँतो ओखल कुनै बेलाको कथाजस्तै हुने थालेको छ ।'

यही काँकरभिट्टाका प्रत्येक घरमा ढिकी ओखल र जाँतो थियो । विद्युतीय मेसिन आएसँगै विस्तारै घट्दै जाने क्रममा रहेको सुगावती चौधरीको भनाई छ । 'गाउँमा धान कुट्ने मेसिन आयो, सबै खुसी बन्न थाले । ढिकी र जाँतोमा धान, मकै कुट्न तथा पिस्नलाई समय लाग्ने साथै दुःखसमेत धेरै गर्नुपर्ने भएकाले गाउँलेले यस्ता परम्परागत सामग्रीको प्रयोग गर्न छाडे' उनले भनिन् । ढिकी, जातो र ओखलमा बिहानभरि लाग्ने काम विद्युतीय मिलमा एकैछिनमा हुने उनले भोगाई सुनाइन् । गाउँमा विद्युतीय मेसिन छिरेसँगै ढिकी जाँतो र ओखलको प्रयोग गर्न छाडेको उनले बताइन् । यस्ता परम्परागत मौलिक ढिकी जाँतोको संरक्षण गर्दै र भावी पुस्तालाई देखाउँदै संस्कृति जोगाउन र नयाँ पुस्तालाई सिकाउन पनि जरुरी रहेको स्थानीय झनकलाल दाहालको भनाई छ । पहिला पहिला हरेक गाउँघरमा देखिने ढिकी, जाँतो ओखलहरु पछिल्लो समय हेर्नकै लागि टाढा टाढा र संग्रहालय पुग्नुपर्ने बाध्यता बनेको छ ।

# अर्बौंको पशमिना निर्यात

झापा(प्रस) । मुलुकबाट बर्षेनि अर्बौं रुपैयाँबराबरको पश्मिनाका सललगायतका उत्पादनहरू निर्यात हुने गरेको छ। चालु आर्थिक वर्षको ८ महिनासम्ममा मात्रै २ अर्ब ११ करोड २४ लाख ५० हजार रुपैयाँबराबरको पश्मिनाका उत्पादनहरू निर्यातबाट मुलुकमा आम्दानी भइरहेको छ । गत आबमा ३ अर्बभन्दा बढी रुपैयाँबराबरको निर्यात भएको थियो। पछिल्लो ८ महिनासम्ममा यो उत्पादन बढी निर्यात हुने १२ औं स्थानमा परेको छ। नेपालमा पश्मिना निर्यातबाट वर्षेनि गरेको आम्दानीले केही हदसम्म विदेशी मुद्रा संकलनमा पनि टेवा पुगेको छ।

समग्र निर्यातमा राम्रै देखिए पनि नेपालको पश्मिना क्षेत्र कच्चापदार्थमा भने परनिर्भर नै छ। कुनै समय गौरवमय इतिहास बोकेको, अर्बौंको लगानी, लाखौंको रोजगारी र नेपालको पहिचान बोकेको पश्मिना व्यवसाय लोप हुन सक्ने खतरा बढ्दै गएको छ। यस वर्षको राष्ट्रिय निर्यात आँकडा अनुसार झन्डै पाँच अर्बको पश्मिना प्रत्यक्ष निर्यात भएको देखिन्छ। ठमेल, ललितपुर, भक्तपुर, पोखरा, सौराहाजस्ता पर्यटकीय स्थलबाट पर्यटकहरूले खरिद गर्ने र उपहारको पनि हिसाब गर्दा अरू थप एक डेढ अर्ब निर्यात भएको आँकलन गर्न सकिन्छ। छिमेकी मुलुक खासगरी चीनसँगको परनिर्भरताको कच्ची रसीमा यो व्यवसाय अल्झिएको छ।

यस परिस्थितिलाई मध्यनजर गर्दै २०३० (ई.सं.) सम्ममा नेपाललाई पश्मिनाको कच्चा पदार्थमा आत्मनिर्भर बनाउने प्रतिबद्धतासहित पश्मिना उद्योग संघले एउटा भुवा कमिटी गठन गरी आफ्ना गतिविधि अघि बढाएको छ। देशमा आफ्नै कच्चापदार्थ उत्पादन गर्न सके प्रचुर सम्भावना हुँदाहुँदै पनि कसैले आँट गरेको देखिँदैन। नेपाल पश्मिना उद्योग संघको संयोजनमा नेपाल फाइबर प्रोसेसिङ कम्पनीले पश्मिनाको कच्चा पदार्थ उत्पादन तथा प्रशोधन गर्ने जमर्को गरेको छ।

विश्व बजारको पश्चिमी मुलुकहरूमा पश्मिनाको उत्पादनहरूले उत्कृष्टता र शृंगारका लागि अत्यधिक मान्यता र मूल्य प्राप्त गरेको छ।

# घटे नियमित काम गर्ने श्रमिक



झापा(प्रस) । रोजगारदाता उद्योग/प्रतिष्ठानमा नियमित काम गर्ने श्रमिकको संख्या घटेको छ । नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) को श्रम अडिट प्रतिवेदन २०८१ का अनुसार गत वर्षको तुलनामा यस वर्ष नियमित रोजगारी गर्ने श्रमिकको संख्या ११ प्रतिशतले घटेको हो । प्रतिवेदनका अनुसार देशभरका विभिन्न उद्योग/प्रतिष्ठानमा नियमित, कार्यगत, समयगत, आंशिकलगायतका श्रमिक कार्यरत छन् । यसमध्ये नियमित काम गर्ने श्रमिक ११ प्रतिशतले घटेका हुन् । प्रतिवेदन अनुसार यस वर्ष श्रम अडिट गरिएका प्रतिष्ठानमा ५३.३५ प्रतिशत श्रमिक नियमित रोजगारीमा कार्यरत छन् ।

यस वर्ष श्रम कानुन कार्यान्वयनको अवस्था अध्ययन गर्न उत्पादनमूलक उद्योग प्रतिष्ठान, गार्मेन्ट, जुट, टेक्सटाइल, होटेल, ट्रेकिङ, ट्राभल्स, प्रिन्टिङ प्रेस, सहकारी, निजी अस्पताल, निजी विद्यालय, निर्माण तथा श्रमिक आपूर्तिकर्ता कम्पनी गरी कुल ३२७ वटा श्रम अडिट प्रतिवेदनबाट श्रम कानुन कार्यान्वयनको अवस्था अध्ययन विश्लेषण गरेको थियो ।

प्रतिवेदन अनुसार कार्यगत रोजगारीमा गत वर्ष ६.१९ प्रतिशत श्रमिक कार्यरत रहेकामा यस वर्ष केही घटेको छ । श्रम अडिट गरिएका उद्योग प्रतिष्ठानमा कार्यगत रोजगारीमा ५.५१ प्रतिशत र समयगत रोजगारीमा कार्यरत श्रमिक ८.५८ प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ । रोजगार सम्झौता गरेर वा नियुक्तिपत्र दिएर श्रमिकलाई काममा लगाउने उद्योग प्रतिष्ठान संख्या गत वर्ष ६५ प्रतिशत रहेकामा यो वर्ष ६०.१ प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ । यस वर्ष रोजगार सम्झौता गरेर श्रमिकलाई काममा लगाउने उद्योग प्रतिष्ठान करिब पाँच प्रतिशतले घटेका छन् ।

जिफन्टका अध्यक्ष विनोद श्रेष्ठले श्रम अनुगमन गर्ने निकाय अर्थात् श्रम प्रशासन फितलो बन्दै गएको पुष्टि भएको बताएका छन् । प्रतिवेदन अनुसार प्रशिक्षार्थी र तालिमी श्रमिकलाई काममा लगाउने उद्योग/प्रतिष्ठान ८८.७ छन् जबकि गत वर्ष त्यस्ता प्रतिष्ठान ८०.९ प्रतिशत थिए । श्रम ऐन अनुसार एक वर्षभन्दा बढी तालिम अवधि नहुने साथै तालिमीलाई न्यूनतम पारिश्रमिक, बिरामी बिदा, उपदान, सञ्चय कोष, बिमा र सामाजिक सुरक्षालगायतको सुविधा दिनुपर्ने व्यवस्थाविपरीत ९१.६ प्रतिशतले लागु गरेका छैन । आंशिक समय रोजगारीमा गत वर्ष १.७३ प्रतिशत श्रमिक कार्यरत रहेकोमा यस वर्ष १.४८ प्रतिशत रहेको छ ।

यसै गरी आकस्मिक तथा अन्य रोजगारीमा कार्यरत श्रमिक गत वर्ष ३.९७ प्रतिशत रहेकोमा यस वर्ष ४.६६ प्रतिशत रहेका छन् ।गत वर्ष श्रमिक आपूर्तिकर्ता (आउटसोर्स) कम्पनीमार्फत काम गर्ने श्रमिक ९.९३ प्रतिशत रहेकोमा यस वर्ष श्रम अडिट गरिएका उद्योग/प्रतिष्ठानमा यस्ता श्रमिक १४.९१ प्रतिशत छन् ।

# सामाजिक संजालको प्रयोग र चुनौति विषयक अन्तरक्रिया



झापा(प्रस) । झापाको बिर्तामोडमा सामाजिक संजालको प्रयोग र चुनौति विषयक एकदिने अन्तरक्रिया कार्यक्रम भएको छ । प्राइड मिडिया प्रा.लि. बिर्तामोडद्वारा सञ्चालित नयाँ पेपर डटकम अनलाईन न्यूज पोर्टलको आयोजनामा सोमवार अन्तरक्रिया कार्यक्रम भएको हो । सोही अवसरमा प्रालिद्वारा टेवल क्यालेण्डर सार्वजनिक गरिएको थियो ।

प्रालिका अध्यक्ष निर्मलराज खत्रीको अध्यक्षतामा भएको कार्यक्रममा बिर्तामोड नगरपालिकाकी नगरप्रमुख पवित्रा महतारा प्रसाई, नेपाल पत्रकार महासंघ झापाका पूर्व अध्यक्षहरु गणेश पोखरेल, तारामणि सापकोटा, महासंघ झापा उपाध्यक्ष सुव्रत न्यौपाने, बिर्तामोड खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाका अध्यक्ष मेघराज बास्तोलाले संयुक्तरुपमा क्यालेण्डर सार्वजनिक गरेका थिए ।

प्रालिका सञ्चालक पदम श्रेष्ठले स्वागत गरेको कार्यक्रममा पत्रकार उमाकान्त खनालले अन्तरक्रियाका विषयमा प्रकाश पारेका थिए । कार्यक्रममा प्रमुख अतिथि रहेकी बिर्तामोड नगर प्रमुख प्रसाईं, नेपाल पत्रकार महासंघका पूर्व अध्यक्षहरु पोखरेल, सापकोटा, महासंघका उपाध्यक्ष न्यौपाने, खानेपानीका अध्यक्ष बास्तोला, प्रेस चौतारी झापा अध्यक्ष प्रदीप परियार, प्रेस सेन्टर झापा अध्यक्ष पुष्प खड्का, नारी संचार गृह झापाकी अध्यक्ष रेजिना रोदनलगायतले अहिलेको सामाजिक संजाल प्रयोगसँगै चुनौतिका विषयमा आ-आफ्नो धारणा राखेका थिए । कार्यक्रमको सञ्चालन प्रालिका सम्पादक तथा प्रकाशक रमेश तिवारीले गरेका थिए ।

## सूचनाको...

यस्तो व्यवस्थाले सूचना प्रवाहको जिम्मेवारी र दायित्ववारे देशव्यापी कम्तीमा राज्य मातहतका सार्वजनिक सरोकारका संस्थामा सिप र दक्षता बढाउने कार्यक्रम सम्भव हुने छ । अहिले जस्तो संघीय सरकारको बजेट मात्रका आधारमा वार्षिक रूपमा गरिने दुई चार वटा कार्यक्रमबाट सूचनाको हकको अभियानलाई व्यापक बनाउन सम्भव छैन, हुँदैन ।

आयोग स्थापनाको १७ वर्ष व्यतीत हुँदा सूचनाको हकको क्षेत्रमा कुनै काम भएको छैन भन्नु अतिशयोक्ति हुने छ । राज्यका हरेक निकाय सूचना प्रवाह गर्नु पर्छ भन्ने विषयमा सचेत भएका छन् । निजी क्षेत्रका संस्था पनि सार्वजनिक सरोकारका संस्था हुन् र उनीहरूका कामकारबाहीमा नागरिकले चासो राख्न पाउँछ र सक्छ भन्ने स्थापित भएको छ । अधिकांशले सूचना अधिकारी तोक्नु पर्छ भन्ने थाहा पाएका छन् । हरेक तीन महिनामा आफूले गरेका महŒवपूर्ण काम र निर्णय स्वतः प्रकाशन गर्नु पर्छ भन्ने कानुनी व्यवस्थाको बोध उनीहरूमा छ । कुनै नागरिकले सूचना माग गरेमा निश्चित समयभित्र उपलब्ध गराउनु पर्छ अन्यथा कानुनबाट दण्डित हुनु पर्छ भन्ने सन्देश पनि राम्रैसँग पुगेको छ ।

यति भएर पनि निर्बाध ढङ्गमा हरेक सार्वजनिक निकायले सूचना प्रवाह गर्छन् र गरिरहेका छन् भन्ने अवस्था छैन । मूलतः काममा निरन्तरता छैन । कुनै समय सूचना अधिकारी तोकिएको कार्यालयमा ऊ सरुवा वा अन्य कारणले त्यस कार्यालयमा नरहेमा फेरि अर्को नतोकिएको अवस्था छ । नियमित हुने गरेका स्वतः प्रकाशन कहाँ कहिलेदेखि रोकिन थाले, कार्यालयलाई नै पत्तो छैन । मागिएका सूचना नदिनु परे हुन्थ्यो भन्ने मनोविज्ञानले ठुलो घर जमाएको छ । सूचना खोजेर दिनु पऱ्यो भने त त्यो अर्को महाभारत जस्तो लाग्छ । सूचना मागकर्तामा पनि समस्या छ । एकथरी जानकारले जहाँ र जे पनि माग्न पाइन्छ भनेर दीक्षित गरिदिएका छन् । सार्वजनिक गरी सकिएका सूचना माग गर्ने मात्र होइन, वर्षौंदेखिका विवरणको माग गर्ने गरिएको छ । एउटै व्यहोराको मागपत्र तयार गरेर ती प्रकृतिका सबै कार्यालयमा एकसाथ सूचना देउ भनेर पठाउने प्रवृत्ति बढेको छ । त्यो सूचना प्राप्त भएपछि के गर्ने हो ? मागकर्तालाई नै थाहा छैन ।

अनुगमनका लागि आयोगको अधिकार प्रत्यायोजन गरेर खडा गरिएका संयन्त्र आफैँमा कार्यबोझले थिचिएका छन् । उनीहरूलाई मेरो यो पनि दायित्व छ भन्ने बोधसमेत नभएको पाइएको छ । सूचना अधिकारी आफैँमा कुनै पद होइन, तोकिएको त्यो दायित्वलाई उसले नागरिकलाई सुसूचित गर्ने अधिकारका रूपमा बुझेको छैन । आफूमाथि थोपरिएको झन्झट ठानेको छ । कानुन अनुसार २० वर्षदेखिका सूचना अद्यावधिक गर्नु पर्ने काम गरिएका छैनन् । जतिबेला जे माग हुन्छ, त्यो मात्रै खोज्ने र फेला नपरेपछि दुःख दिएको ठान्ने मनोविज्ञान छ । कुनै समय सूचना अधिकारी तयार गरेका सामग्री ऊ अन्यत्र गएपछि संस्थागत रूपमा फेला पर्दैन । यी र यस्ता प्रवृत्तिमा सुधार गर्न हरेकले आफ्नो ठाउँबाट भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता छ । अन्यथा फेरि अर्को वर्ष त्यही दिवस आउने र मनाउने चक्र चलिरहने छ ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्भनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्कः
फोनः ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा,
अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५४५०१५७

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
फ्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । आर्थिक कारोबारमा मन्दी

**वृष** रोजगारको अवसर मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**मिथुन** छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कर्कट** आज नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ ।

**सिंह** प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । यात्रामा मालसामान हराउन सक्छ ।

**कन्या** महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ

**तुला** आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**वृश्चिक** आज भाग्योदय हुनेछ । धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ ।

**धनु** आज यात्रामा मालसामान हराउन सक्छ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।

**मकर** मित्र वा आफन्तको सहयोग मिल्नेछ । बौद्धिकताको विकास हुनेछ ।

**कुम्भ** आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । व्यवसायबाट लाभ मिल्नेछ ।

**मीन** घर व्यवहारमा झमेला रहला । साँझमा मन प्रसन्न रहला ।